"साझा यातायात तपाईंको ऐतिहासिक सम्पत्ति हो, यसको संरक्षण र संवर्धन गरौं"

पान: ६००७०३५६१

# साझा यातायात

(सहकारी संस्था लि.)

पत्र संख्या:-

चलानी नं:-

मिति:- २०८०/०३/०९

## प्रेस विज्ञप्ति

### सम्पदा घुम्ती बस सेवा शुरु

नेपाल पर्यटन बोर्ड र साझा यातायातको सहकार्यमा सम्पदा घुम्ती बस सेवा ( Hop on Hop Off) शुरु गरिएको छ। माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीले आज दिउँसो सो सेवाको औपचारिक शुभारम्भ गर्नुभयो।

नेपाल पर्यटन बोर्ड र साझा यातायात बिच सम्पन्न सहमतिका आधारमा उपत्यकाका महत्वपूर्ण सम्पदा स्थलहरुको भ्रमण गराउने उद्देश्यसहित सम्पदा घुम्ती बस सेवा ( Hop On Hop Off) शुरु गरिएको हो। बस सेवाले काठमाडौं साथै ललितपुर महानगरपालिकामा रहेका महत्वपूर्ण सम्पदास्थल तथा संग्रहालयहरुको भ्रमण अवलोकनलाई समेट्ने छ। यसका लागि जाँदा साझा यातायात पुल्चोकबाट ललितपुर महानगरपालिकास्थित टुरिष्ट बसपार्कहुँदै काठमाडौं महानगरपालिकास्थित महाँकाल मन्दिर, आर्मी अस्पताल, जमल, दरबारमार्ग, नारायणहिटी दरबार संग्रहालय, कमलपोखरी, पशुपतिनाथ मन्दिरस्थित टुरिष्ट बसपार्क, गौशाला, चावहिल चोक, तारागाउँ संग्रहालय हुँदै जोरपाटीसम्मको रुट तय गरिएको छ। त्यस्तै, फर्कंदा जोरपाटीबाट तारागाउँ संग्रहालय हुँदै नारायण गोपाल चोक, गोगंबु बसपार्क, स्वयम्भु भगवान् पाउ, छाउनी संग्रहालय, परोपकार (कालीमाटी), कालीमाटी चोकर त्यहाँबाट रिङ्गरोड हुँदै एकान्तकुना, सदर चिडियाखाना (जावलाखेल चोक), साझा यातायात पुल्चोकसम्मको रुट तोकिएको छ।

ललिलतपुर महानगरपालिकाको टुरिष्ट बसपार्कमा आयोजित शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री किरातीले 'नयाँ प्रयोगको रुपमा ल्याइएको यो सेवा शुरु गर्न लामो समय मेहनत गर्नु परे पनि यसले पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। संघीय सरकारको सोच अनुसार नै सेवा शुरु गरिएको भए पनि यसको प्रभावकारिता र निरन्तरताका लागि प्रदेश तथा स्थानीय सरकारको समेत महत्वपूर्ण भूमिका रहने उहाँको भनाइ थियो।'

फोन नं.: ०१-५५५२६८६, ०१-५५३०७२२, फ्याक्स नं.: ०१-५५२४६७९, टोल फ्रि नं.: १६६०-०१-७७७७७, पुल्चोक, ललितपुर, नेपाल

Website:- www.sajhayatayat.com.np, E-mail:- info.sajhayatayat@gmail.com

CamScanner

कार्यक्रममा ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले 'सभ्य शहरमा उपलब्ध हुने यस प्रकारको सेवा उपत्यकामा शुरु गर्न पाउँदा खुशी लागेको बताउनुभयो । सेवाको निरन्तरता र स्थायीत्वका लागि महानरपालिकाकाले आवश्यक सहयोग गर्ने प्रमुख महर्जनको भनाइ थियो ।'

शुभारम्भ समारोहमा बोल्दै साझा यातायात सञ्चालक समितिका कार्यवाहक अध्यक्ष समेत रहनु भएका सञ्चालक समितिका सदस्य सुशीलराज प्याकुरेलले 'आम नागरिकमाझ सार्वजनिक यातायात सेवालाई व्यवस्थित र सहज बनाउन प्रयत्नशील साझा यातायातले पर्यटक केन्द्रित यातायात सेवा प्रदान गर्न पाउँदा गौरव मिलेको बताउनुभयो । सम्पदा बस सेवा सञ्चालनका लागि मन्त्रालयसँग सहकार्य गर्न पाएकोमा खुशी व्यक्त गर्दै उहाँले बस सञ्चालनको लागि बस बिसौनी र चार्जिङ स्टेशनको व्यवस्थामा सरकारको सहयोग आवश्यक रहेको बताउनुभयो । बस डिपो र चार्जिङ स्टेशनको अभावमा बस सञ्चालन दिगो हुन गाह्रो पर्नेतिर सबैको ध्यान जान आवश्यक रहेको उहाँको भनाइ थियो ।'

साझा यातायातले नेपाल सरकारको शेयर लगानीको रकमबाट पहिलो चरणमा खरिद गरेका ४० थान विद्युतीय बस मध्ये सम्पदा घुम्ती बस सेवाका लागि २ थान बस सञ्चालनमा ल्याएको छ । विद्युतीय बसको प्रयोगलाई प्राथमिकताका साथ अघि बढाएको संस्थाले यसअघि पहिलो ३ थान बस २०७९ असार महिनामा परीक्षणका लागि सञ्चालन गरेको थियो । साझा यातायातका संस्थापक अध्यक्ष विश्वबन्धु थापाद्वारा उद्घाटन गरी सञ्चालित ती बसको सफल परीक्षण पश्चात खरिद गरिएका बाँकी ३७ थान बस मध्ये ३ थान बसको गत जेष्ठ १ गते ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जन र साझा यातायात सञ्चालक समितिका अध्यक्ष कनकमणि दीक्षितले संयुक्त रुपमा शुभारम्भ गर्नुभएको थियो । सम्पदा घुम्ती बस सेवाका समेत गरी हाल संस्थाका ८ थान विद्युतीय बस उपत्यकाका विभिन्न रुटमा सञ्चालित छन्भने क्रमिक रुपमा थप विद्युतीय बसहरु सञ्चालन गर्ने पनि यस संस्थाको योजना रहेको छ ।

सम्पर्क

महेन्द्रराज पाण्डेय

साझा यातायात, पुल्चोक

०१-५५२४६७९, ०१-५५५२६८६



CamScanner